भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश, नेपाल


आर्थिक वर्ष : ०८१।०८२

सूचना नं.: ८६

## तहवृद्धिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !

**(सूचना प्रकाशित मितिः २०८२/०३/१८ गते)**

लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ को उपदफा (९) बमोजिम श्रावन १ गते र माघ १ गते देखि लागू हुने गरी तहवृद्धि गर्ने व्यवस्था रहेकोले सोही बमोजिम २०८२ असार मसान्तसम्म तहवृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अंक प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले तह वृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम-४८ अनुसार सोही नियमावलीको अनुसूचि-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलका कागजातसहित आवेदन पेश गर्नहुनु यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

१. सक्कल निवेदन,
२. हालको पदमा नियुक्ती पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. अद्यवधिक वैयक्तिक विवरणको प्रतिलिपि,
६. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेश गरेको निकायको विवरण,
७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
१०. अन्य आवश्यक कागजातहरु ।

..................

(देविलाल वि.क.)

प्रमुख प्रशासकीय अधिकृत

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत